# व्यक्ति-उपस्थित सिकाइका लागि मार्गदर्शन तथा प्रोटोकलहरू

*अद्यावधिक गरिएको: अप्रिल ५, २०२१*

Jeffco Public Schools ले यस प्रलेखमा परिवारहरू तथा स्टाफका लागि व्यक्ति-उपस्थित सिकाइको २०२०-२१ विस्तार बारे सबैभन्दा अद्यावधिक गरिएको मार्गदर्शन र प्रोटोकलहरू प्रदान गर्दैछ। यसमा भाइरस न्यूनीकरण रणनीतिहरू, व्यक्ति-उपस्थित बैठकहरू, यातायात, खेलकुद, र अन्य धेरै कुराका विषयमा प्रोटोकलहरू सामेल छन्। तल प्रदान गरिएको मार्गदर्शन हाम्रा सामुदायिक स्वास्थ्य साझेदारहरूबाट प्राप्त मार्गदर्शन अनुरूप रहेको छ।

**सूचना खण्डहरू:**

[विद्यार्थीहरूका लागि मार्गदर्शन]
[स्कूल स्टाफका लागि मार्गदर्शन]
[महत्त्वपूर्ण प्रोटोकलहरू]
[केन्द्रीय स्टाफका लागि मार्गदर्शन]
[अतिरिक्त सन्दर्भहरू]

---

## विद्यार्थीहरूका लागि मार्गदर्शन

**एलिमेन्टरी: ग्रेडहरू पिके-५**

एलिमेन्टरी सिकाइ मोडेल वा भाइरस न्यूनीकरण रणनीतिहरूमा कुनै परिवर्तन छैन।

- विद्यार्थीहरूले मास्क लगाउन जारी राख्नेछन्
- भवनभित्र प्रवेश गर्दा विद्यार्थीहरूको लक्षण स्क्रिनिङ जारी रहनेछ।
- विद्यार्थीहरूले बारम्बार आफ्ना हातहरू धुनेछन्।
- एलिमेन्टरी स्कूलहरूमा टोली गठन कार्यको उपयोग जारी रहनेछ।
- हाल १००% दूर सिकाइमा रहेका विद्यार्थीहरू १००% दूर सिकाइ मै रहनेछन्, जबसम्म स्कूललाई कुनै वैकल्पिक अनुरोध गरिँदैन र स्कूलले त्यस्तो अनुरोध एकोमोडेट गर्न सक्दैन।

**माध्यमिक: ग्रेडहरू ६-१२**

विद्यार्थीहरू हरेक हप्ता सोमबारदेखि बिहीबार सम्म व्यक्ति-उपस्थित सिकाइमा पढ्नेछन् (शुक्रबार असमकालिक दिन रहेको छ)

- स्कूललाई वैकल्पिक अनुरोध नगरिएसम्म मिश्रित विकल्प अन्त्य हुनेछ र हाल मिश्रित मोडलको कार्यतालिकामा रहेका सम्पूर्ण विद्यार्थीहरू सोमबार देखि बिहीबारसम्म सञ्चालन हुने १००% व्यक्ति-उपस्थित सिकाइ कार्यतालिकामा हुनेछन्।
- सम्पूर्ण विद्यार्थीहरूले मास्क लगाउनै पर्नेछ।

- बारम्बार हात धुने कार्यलाई प्रोत्साहित गर्न जारी राखिनेछ
- नवीनतम मार्गदर्शन अनुसार ३ फिटको सामाजिक दूरी (जहाँ सम्भव हुन्छ) कायम गरिनेछ।
    - MDPH मार्गदर्शन
- भवनका प्रवेशद्वारहरूमा लक्षण स्क्रिनिङ जारी रहनेछ
- सबै कक्षाहरूका लागि बसाइ चार्टहरू र समयमै उपस्थिति जनाउन आवश्यक छ
- हाल १००% दूर सिकाइमा रहेका विद्यार्थीहरू १००% दूर सिकाइ मै रहनेछन्, जबसम्म स्कूललाई कुनै वैकल्पिक अनुरोध गरिँदैन र स्कूलले त्यस्तो अनुरोध एकोमोडेट गर्न सक्दैन

*चार्टर स्कूल परिवारहरूले उनीहरूको व्यक्ति-उपस्थित सिकाइका योजनाहरूका लागि आआफ्ना स्कूलमा सम्पर्क गर्नु पर्नेछ।*

## सम्पूर्ण ग्रेडहरूका स्कूल स्टाफका लागि मार्गनिर्देशन

- मास्कहरू आवश्यक छन् (जबसम्म भित्री/निजी कार्यालयमा एक्लै भईंदैन – चार भित्ता र एउटा ढोका)
- अन्य सबै वयस्कहरूसँग ६ फिटको सामाजिक दूरी कायम राख्नुहोस्
- अरूसँग जमघटमा मिसिनबाट बच्नुहोस्
- बैठकहरू तथा पेसागत विकासलाई दूरबाटै सञ्चालन गर्न जारी राखिनेछ
    - यदि व्यक्ति-उपस्थित विद्यार्थी सिकाइका लागि व्यक्ति-उपस्थित बैठक अत्यावश्यक वा अनिवार्य भए, १५ जनाभन्दा बढी भेला हुनेछैनन् (६ फिटको सामाजिक दूरी कायम गर्न र मास्क सधैँ लगाउन सकिन्छ भन्ने मान्यतामा)।

## महत्त्वपूर्ण सञ्चालनात्मक प्रोटोकलहरू

| | |
|---|---|
| **खेलकुद र क्रियाकलापहरू** | • प्रत्येक JCPH का लागि क्षमता सीमा (क्षमतासीमाहरू अद्यावधिक गरिएको (३.१२).pdf)।<br>• सबै खेलकुदमा मास्कहरूको प्रयोग जरुरी छ (जेसिपिएच सामुदायिक स्वास्थ्य आदेश २०-००८ अनुरूप)। यस मास्कको आवश्यकताका लागि अतिरिक्त व्याख्या।<br>• CHSAA बाट खेलकुद पालना मार्गदर्शन।<br>• स्थानीय सामुदायिक स्वास्थ्य मार्गदर्शनले CDPHE/CHSAA मार्गदर्शनको ठाउँ लिन्छन्।<br>• क्रियाकलापहरूले काउन्टीको तह (हाल तह नीलो) सँग मिल्ने मार्गदर्शनहरूको पालना गर्नु पर्नेछ |
| **बाथरूमहरू** | • बाथरूमहरू पूर्ण क्षमतामा सञ्चालन हुन सक्छन्। |
| **भवन र मैदान प्रयोग** | • सञ्चालनात्मक मार्गदर्शनहरूमा कुनै परिवर्तन छैन। मैदान तथा भवनको प्रयोगको स्वीकृतिका लागि प्रिन्सिपलहरूले डिस्ट्रिक्ट सुविधाहरूसँग काम गर्नेछन्। |
| **सिकाइ वातावरण परिवर्तन गर्नका लागि पारिवारिक छनोट** | • आफ्नो विद्यार्थीका लागि परिवर्तन – व्यक्ति-उपस्थित सिकाइबाट दूर सिकाइमा – अनुरोध गर्न चाहने परिवाररूले आफ्ना स्कूलहरूमा सम्पर्क राख्नु पर्नेछ र उनीहरूले सो अनुरोध एकोमोडेट गर्ने प्रयास गर्नेछन्।<br>• आफ्नो विद्यार्थीलाई दूर सिकाइबाट व्यक्ति-उपस्थित सिकाइमा परिवर्तन गराउन चाहने |

| | |
|---|---|
| | परिवारहरूका लागि, स्कूलद्वारा निर्णयहरू गरिनेछन् र ती निर्णयहरू स्थानको उपलब्धता, कार्यक्रम तथा संसाधनहरू, कक्षाको आकार आदिमा आधारित हुनेछन्।<br>● वैकल्पिक अनुरोधहरू पूरा गर्नका लागि स्कूलहरूले समान रूपले काम गर्नेछन्, तर कार्यतालिका, कक्षाको आकार, तथा संसाधनहरूको बन्धन भने हुनेछ। |
| **सफाई/२४-घण्टे बन्द** | ● अद्यावधिक गरिएका मार्गदर्शनहरू अनुसार सफाईका लागि स्कूल बन्द गरिरहन अब आवश्यक छैन। कृपया अद्यावधिक गरिएको मार्च २०२१ सफाई मार्गनिर्देशन को पृष्ठ ३ हेर्नुहोस्।<br>● क्षेत्रहरूमा स्प्रे गर्ने काम विद्यार्थीहरू स्कूलबाट हिँडिसकेपछि गरिनेछ। |
| **क्षेत्र भ्रमणहरू र रात्रिकालीन भ्रमणहरू** | ● क्षेत्र भ्रमणहरू र रात्रिकालीन भ्रमणहरूको अनुमति छैन।<br>● स्वास्थ्य सेवाहरू, समुदाय सुपरिन्टेन्डेन्ट, र डिस्ट्रिक्ट नेतृत्वबाट स्वीकृति लिएपछि, विरलै अपवादहरूमाथि विचार गर्न सकिनेछ। |
| **लन्च** | ● सम्भव हुँदा लन्च बाहिर सञ्चालन गर्नका लागि स्कूलहरूलाई प्रोत्साहित गरिन्छ।<br>● लन्च कक्षहरू (१७५ मानिसहरू वा ५०% क्षमता – जुन कम हुन्छ त्यही), जिमहरू, सभाहलहरू, कक्षाकोठाहरू, ठूला हलहरूको उपयोग गर्न सकिनेछ।<br>● लन्च कक्षहरू र कक्षाकोठाहरूमा बसाइ चार्ट हुनु पर्नेछ।<br>● लिने र जाने खानाहरू – विद्यार्थीहरूलाई लन्च लिएर आउनुहोस्, यदि सम्भव भए।<br>● खाद्य र पोषण सेवाहरू बढी लन्च पर्सोनेलहरू नियुक्त गर्नका लागि काम गरिरहेका छन्।<br>● यदि कुनै लन्च कक्ष सम्पर्कबाट कुनै सकारात्मक केस पहिचान गरियो भने, सो केसको १२ फिट भित्रका व्यक्तिहरूले क्वारेन्टाइनमा बस्नु पर्नेछ।<br>● कुनै पनि बसाइ चार्टको नतिजा सम्पूर्ण कक्षलाई क्वारेन्टाइन गर्ने गरी हुनेछैन। |
| **क्वारेन्टाइन प्रक्रिया मार्च २०२१ मा अध्यावधिक गरिएको** | ● मार्च १५ बाट सुरु गरेर, क्वारेन्टाइनिङका पत्रहरूले १० दिन सङ्केत गर्नेछन्।<br>● यदि आमाबाबु/स्टाफले छोटो क्वारेन्टाइन अवधिका लागि अनुरोध गर्छन् भने, डिस्ट्रिक्टले त्यसको सम्मान गर्नेछ। मार्गनिर्देशनहरू निम्नानुसार रहेका छन्:<br>○ अनावृत्तीकरण पछिको ५ दिनमा वा पछि परीक्षण गरेको<br>○ नतिजाहरू नकारात्मक रहेका र व्यक्ति अलक्षणात्मक रहेको<br>○ ७ दिनको क्वारेन्टाइन पूरा गरेको<br>○ अभिभावकहरूले नतिजा स्कूललाई प्रदान गर्नेछन् र त्यसपछि सामान्य क्रियाकलापमा फर्किन सक्नेछन्, सो दिनमा स्कूल जाने सहित<br>○ खेलाडीहरूले आफ्नो खेलकूद प्रशिक्षक मार्फत प्रतिस्पर्धा गर्नुभन्दा ५ दिन अघि खेल्न फिर्ती (RTP) मार्गदर्शन पूरा गर्नु पर्नेछ। |
| **स्कूल आयोजनाहरू (पिटिए बैठकहरू, बेक बिक्रीहरू, आदि..)** | ● आयोजनाहरूको सञ्चालन दूरबाट गर्न जारी राखिनेछ।<br>● यदि दूरबाट सम्भव नभए, स्वास्थ्य सेवा, समुदाय सुपरिन्टेन्डेन्ट तथा डिस्ट्रिक्ट नेतृत्वको स्वीकृतिले विरलै अपवादहरू प्रदान गर्न सकिनेछ। |

| | |
|---|---|
| | ○ अपवाद योजनामा निम्न सामेल हुनु पर्नेछ:<br>■ युनिभर्सल मास्कहरू<br>■ ६ फिटको सामाजिक दूरी |
| **सामाजिक दूरी (ग्रेड ६-१२)/ट्राफिक फ्लो/लकरहरू** | ● मास्कहरूसँग सम्भव हुँदा ३ फिट<br>● मास्क नहुँदा १२ फिट (अपवाद लन्च)<br>● स्कूलहरूले हाल चालू रहेको एकतर्फी ट्राफिक फ्लो सक्दो कायम राख्नु पर्नेछ<br>● प्रयोगका लागि लकरहरूको अनुपलब्धता जारी रहनेछ |
| **स्टाफ खोप र क्वारेन्टाइन** | ● खोपको दोस्रो खोप लगाएपछि पनि स्टाफलाई दुई हप्ता (१४ दिन) सम्मको क्वारेन्टाइन हुन सक्नेछ।<br>● १४ दिनको अवधिपछि, स्टाफले क्वारेन्टाइनमा बस्न आवश्यक छैन। |
| **विद्यार्थीहरू र खोप** | ● JCPH अनुसार १६-१८ उमेर भएका विद्यार्थीहरूका लागि खोपहरू प्रारम्भिक वसन्त/ग्रीष्ममा उपलब्ध हुने अपेक्षा गरिएको छ। |
| **तापक्रम जाँच** | ● तापक्रम जाँचहरू जारी रहनेछन् र तिनको प्रलेखीकरण गरिनेछ। |
| **यातायात / बसयात्रा** | ● प्रति बस ५० जना, प्रति सिट २ विद्यार्थीहरू राख्ने गरी यातायातको क्षमतामा वृद्धि गरिएको छ। |
| **आगन्तुकहरू / स्वयम् सेवकहरू** | ● स्कूल चलिरहेका दिनमा कुनै पनि स्वयम्सेवक, आगन्तुकहरू, वा गैर-कर्मचारीहरूले भवनमा प्रवेश पाउनेछैनन्। |
| **वारेन टेक (ग्रेडहरू ११-१२)** | ● वारेन टेकले नयाँ मार्गदर्शनमा काम गरिरहेको छ र स्कूलहरूसँग सञ्चार गर्न जारी राख्नेछ। यसमा विद्यार्थी कार्यतालिकाका साथसाथै स्कूल कक्षाहरूका लागि असमकालिक कार्यतालिकामा समायोजन गर्न आवश्यक हुन सक्छ। |

## केन्द्रीय स्टाफका लागि मार्गनिर्देशन

**केन्द्रीय स्टाफ** (Ed Center, 581 Conference Place, Quail, आदि)

- **CDPHE** नीलो तह: <u>मार्गदर्शन तथा निषेधहरू</u>
  - मार्ग निर्देशनहरू अनुसार, कार्यालय भवनहरूमा कुल क्षमताको ५०% भन्दा बढी व्यक्ति-उपस्थित कामदारहरू हुनुहुनेछैन।
  - व्यक्ति-उपस्थित स्टाफलाई व्यक्ति-उपस्थित सिकाइका आवश्यकताहरू पूरा गर्नका लागि आवश्यक सेवाहरू प्रदान गर्नमा वा विभागका नेतृत्वकर्ताले निर्धारण गरे अनुसार अन्य महत्वपूर्ण प्रकार्यहरूमा केन्द्रित गराइनेछ। अन्यथा, दूर कार्यको उपयोग गर्नुहोस्।
- मास्कहरू आवश्यक (बन्द कार्यालयमा एक्लै नभएसम्म – चार भित्ता र एउटा ढोका)
- बैठकहरू तथा पेसागत विकासलाई दूरबाटै सञ्चालन गर्न जारी राखिनेछ
  - यदि व्यक्ति-उपस्थित विद्यार्थी सिकाइका लागि व्यक्ति-उपस्थित बैठक अत्यावश्यक वा अनिवार्य भए, १५ जनाभन्दा बढी भेला हुनेछैनन् (६ फिटको सामाजिक दूरी कायम गर्न र मास्क सधैँ लगाउन सकिन्छ भन्ने मान्यतामा)।

- सहकर्मीहरूबाट छ फिटको सामाजिक दूरी कायम राख्नुहोस्
- अरूसँग जमघटमा मिसिनबाट बच्नुहोस्
- बढी जानकारीका लागि, CDPHE बाट प्राप्त मार्गनिर्देशन यहाँ हेर्नुहोस्।

## अतिरिक्त सन्दर्भहरू

Jeffco Public Schools ले guidance from the Colorado Department of Public Health and Environment (CDPHE) and Jefferson County Public Health (JCPH) पालना गर्दछ।

यस अतिरिक्त, खोप लगाएका व्यक्तिहरू (बहुसङ्ख्यक जेफ्को कर्मचारीहरू) का लागि हालै The Center For Disease Control (CDC) ले मार्गदर्शनहरू प्रदान गरेको छ।